स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'महाराजधिराज'मा एकपछि अर्को कलाकारहरु अनुबन्धित हुने क्रम जारी छ। यसैक्रममा अभिनेत्री वर्षा राउतले पनि यो फिल्म साइन गरेकी छन्। स्टारकास्टको अनुबन्ध गर्ने क्रमलाई निरन्तरता दिँदै निर्माण टिमले राउतलाई अनुबन्ध गरेको हो। कलाकारहरुको हालसम्मको लाइनअप हेर्दा स्टारकास्टको भीड लाग्ने देखिएको छ। फिल्ममा जयकिशन बस्नेत अनुबन्ध भइसकेका छन्।

**आजको विचार...**



चुनौतीले.... (दुई पेजमा)

डा. अंगराज तिमिल्सिना

फ्रान्समा विश्व प्रसिद्ध फिल्म फेस्टिभल कान्सको ७८ औं संस्करण जारी छ। फेस्टिभलमा नेपाली अभिनेता प्रदीप खड्का पनि सहभागी भएका छन्। केही तस्बिर सार्वजनिक गर्दै उनले आफू कान्समा सहभागी भएको जानकारी दिएका छन्। कान्स मार्केट र एक फ्रान्सेली फिल्मको रेडकार्पेट प्रिमियरमा सहभागी हुन उनी त्यहा पुगेका थिए। जसअनुसार सोमबार बिहान आयोजित थिएरी क्लिफा निर्देशित फ्रान्सेली भाषाको फिल्म 'ला फेम्मे ला प्लस रिच डु मोन्ड' को रेडकार्पेट र स्क्रिनिङमा उनी सहभागी भएका छन्।



❒ वर्ष ३० ❒ अंक २९५ ❒ २०८२ जेठ ७ गते बुधबार 21 May 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इजरायली हमलामा ६० को मृत्यु

(रासस/एपी)

**गाजा पट्टी,** जेठ ६/इजरायली आक्रमणबाट सोमबार रातिदेखि मङ्गलबारसम्म गाजा पट्टीमा कम्तीमा ६० जनाको मृत्यु भएको प्यालेस्टिनी अधिकारीहरूले बताएका छन् । इजरायलले हालैका दिनहरूमा यस क्षेत्रमा अर्को ठूलो आक्रमण सुरु गरेको छ र हमासले कब्जा गरेका दर्जनौं बन्धकलाई फिर्ता गर्ने तथा उग्रवादी समूहलाई नष्ट गर्ने लक्ष्य राखेको बताएको छ । सोमबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले अनिकालको डर उत्पन्न गरेको यस क्षेत्रका २० लाख प्यालेस्टिनीमाथिको नाकाबन्दी हटाउन दबाब दिइएको बताउँदै पहिलो पटक साढे दुई महिनामा गाजामा सहायता ट्रकहरूको सानो सङ्ख्या प्रवेश गर्न अनुमति दिन थालेका छन् । तर संयुक्त राष्ट्रसैका निकायहरूले प्रवेश गरेका थोरै ट्रकहरू खाद्यान्न, औषधि र अन्य आपूर्तिको विशाल आवश्यकता पूरा गर्न कहीं पनि पर्याप्त नभएको बताएका छन् । यस वर्षको सुरुमा युद्धविरामको समयमा दैनिक छ सय ट्रक प्रवेश गरेका थिए । उत्तरी गाजामा एक परिवारको घर र एक विद्यालय-बनेको-आश्रयमा भएका दुई आक्रमणमा कम्तीमा २२ जनाको मृत्यु भएको र तीमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेको गाजा स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# लुम्बिनीको नीति तथा कार्यक्रम : समृद्ध प्रदेश निर्माणमा जोड

रासस

**लुम्बिनी,** जेठ ६/लुम्बिनी प्रदेश सरकारले नागरिक जीवनस्तर उकास्ने, दिगो विकासमा आधारित समृद्ध प्रदेश निर्माण गर्ने तथा जनताको विश्वास जित्ने दिशा तय गरेको छ । प्रदेशसभामा प्रस्तुत प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा भौतिक पूर्वाधार र मानवीय विकासलाई सुदृढ बनाउँदै लैजाने, तीन तहका सरकारबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने, प्रदेशलाई संस्थागत बनाउने कानुनी तथा जनशक्तिसम्बन्धी आधार तयार गर्ने र सबै जिल्लाको सन्तुलित तथा विशेषतायुक्त विकासमा प्राथमिकता दिने बताइएको छ ।

प्रदेश प्रमुख कृष्णबहादुर घर्तिमगरले प्रदेशसभाको बैठकमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा प्रदेश सरकारको समग्र विकास, सुशासन, सेवा प्रवाह, कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, वातावरण लगायतका विविध विषय समेटिएका छन् । नीति तथा कार्यक्रममा प्रदेशका सबै मन्त्रालय तथा निकायको



समन्वयात्मक परिचालनलाई प्राथमिकता दिइएको छ भने सुशासन, नागरिकमैत्री प्रशासन र सेवा प्रवाहमा व्यापक सुधार गर्ने लक्ष्य लिइएको छ । प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै 'मोबाइल हातमा-प्रदेश सरकारका सेवा साथमा' जस्ता अभियान अघि बढाइने उल्लेख गरिएको छ । कृषिमा उत्पादकत्व वृद्धि, कृषिलाई समृद्धिको मेरुदण्डका रूपमा विकास गर्ने, कृषकका खेतका गह्वालाई सधैं हराभरा बनाउने तथा घरदैलोमै कृषि सेवा पुऱ्याउने नीति अवलम्बन गरिने जनाइएको छ । साथै, प्रदेशलाई आगामी १० वर्षभित्र पूर्ण प्राङ्गारिक प्रदेश बनाउने लक्ष्य लिइएको छ । अर्गानिक खेतीलाई विकास गरी प्रदेशलाई अर्गानिक खेतीको हबका रुपमा विकास गरिने उल्लेख छ । उद्योग, उद्यमशीलता र स्वदेशी वस्तुको प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्ने तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई अझ मजबुत बनाउने योजना छ । सञ्चार जगतसँग सहकार्य गरी सरकारको नीति तथा कार्यक्रम जनस्तरसम्म पुऱ्याइने उल्लेख गरिएको छ । 'नागरिकको योगदान, महिनाको एक दिन श्रमदान', 'मेरो विद्यालय मेरो दायित्व', 'हरियालीसहितका सडक पूर्वाधार' तथा 'प्रत्येक घर उज्यालो अभियान' जस्ता नागरिक अभिमुखी कार्यक्रम नीति तथा कार्यक्रममा समेटिएका छन् । अधुरा आयोजनालाई सम्पन्न गर्ने, आयोजना बैंकको अवधारणा लागू गर्ने, एक जिल्ला एक नमूना बस्ती निर्माण गर्ने तथा रामपुर-चापाकोट सहर विकास जस्ता योजना नीति तथा कार्यक्रममा उल्लेख गरिएका छन् । राजधानी क्षेत्रको गुरूयोजना कार्यान्वयन तथा सरकारी भवन निर्माणमा स्वदेशी काठको अनिवार्य प्रयोग गरिने उल्लेख छ । वन्यजन्तु पीडितलाई घरमै राहत, सडकसँगै हरियाली र फलफूलका विरुवा रोप्ने अभियान सञ्चालन, शिक्षासँगै सीप, राप्ती प्रादेशिक अस्पतालको स्तरोन्नति गरी दुई सय शैयामा विस्तार, विपद् व्यवस्थापनको पूर्वतयारी तथा देउखुरीमा जलवायु केन्द्र स्थापना जस्ता कार्यक्रम नीति तथा कार्यक्रममा समावेश छन् । प्रदेश गौरवका आयोजनालाई सम्पन्न गर्ने, विपन्न नागरिकका लागि मेडिकल कलेज तथा अस्पतालमा नि:शुल्क सेवा उपलब्ध गराउने, सर्पदंश उपचार विस्तार तथा विद्यालय-समुदायमा स्वास्थ्य कार्यक्रम विस्तार गर्ने योजना नीति तथा कार्यक्रममा उल्लेख छन् । हरित ऊर्जा, विद्युतीय सवारी र सौर्य ऊर्जा प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।

## राष्ट्र बैंकको गभर्नरमा पौडेल नियुक्त



**पाल्पा,** जेठ ६/नेपाल राष्ट्र बैंकको गभर्नरमा डा. विश्वनाथ पौडेल नियुक्त भएका छन् । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले पौडेललाई राष्ट्र बैंकको गभर्नरमा नियुक्त गरेको हो ।

सरकारको यो निर्णयसँगै पौडेल १८औं गभर्नर बनेका छन् । उपप्रधान एंव अर्थमन्त्री विष्णु पौडेल संयोजक रहेको समितिले गभर्नरका लागि तीन जनाको नाम सिफारिस गरेको थियो । सिफारिस समितिको बैठकले विश्व पौडेल, निलम ढुंगाना तिम्सिना र दिनेश भट्टराईको नाम सिफारिस गरेको थियो । सिफारिसअनुसार मन्त्रिपरिषदको बैठकले पौडेललाई गभर्नर नियुक्त गरेको हो । निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिएसँगै गत चैत २५ गतेदेखि राष्ट्र बैंकमा गर्भनर पद खाली छ । गभर्नर नियुक्तिमा ढिला हुने देखिएपछि अर्थ मन्त्रालयले कामु गभर्नरको जिम्मा डेपुटी गभर्नर निलम ढुंगाना तिम्सिनालाई दिएको थियो । यसअघि गभर्नर नियुक्तिमा ढिलाइ भएपछि सरकारको चौतर्फी आलोचना भएको थियो । निवर्तमान गभर्नर महाप्रसाद अधिकारी गत चैत २३ गते नियमित अवकाशमा गएका थिए । त्यसपछि रिक्त रहेको गभर्नर बन्न ठूलो रस्साकस्सी भएको थियो। सामाजिक सञ्जालमा चर्को बहस हुन थालेपछि कांग्रेस सभापति देउवाले सार्वजनिकरूपमै गभर्नर नियुक्त प्रधानमन्त्रीका कारण ढिलाइ नभएको प्रस्टीकरण दिएका थिए। उनले गभर्नर कांग्रेसले पाउने सहमति भएको र राष्ट्र बैंकको आन्तरिक कारणले नियुक्तिमा ढिलाइ भएको बताएका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

## मदनपोखरा बहुप्राविधिक शिक्षालयमा विद्यार्थी संख्या बढाउन छलफल

जगदीश भट्टाराई

**पाल्पा,** जेठ ६/कुनै बेला भर्नाका लागि सोर्स लगाउनु पर्ने मदनपोखरा बहुप्राविधिक शिक्षालयले अहिले विद्यार्थी अभावको सामना गर्नु परेको छ । २०७५ मा प्राविधिक तथा व्यवसायिक शिक्षाको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले तानसेनको दमकडामा स्थापना भएको शिक्षालयले अहिले विद्यार्थी अभावको सामना गर्नु परेको हो ।

मदनपोखरावासीको माग र पुर्वमन्त्री सोमप्रसाद पाण्डेको विशेष पहलमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को आंगिक शिक्षालयको रुपमा डिप्लोमा तहका कृषि, पशु विज्ञान तथा इन्जिनियरिङ कार्यक्रम सञ्चालन गर्ने गरी शिक्षालय सञ्चालनमा ल्याइए पनि सरोकारवालाहरुको बेवास्ताका कारण अहिले विद्यार्थी संख्या अत्यन्त न्यून रहेको छ । शिक्षालयले विद्यार्थीहरु न्यून हुँदै गएपछि विद्यार्थी बढाउन स्थानीय



सरकारका जनप्रतिनिधी र सरोकारवाला निकायहरुसँग छलफल गरेको छ । उसले नयाँ शैक्षिक सत्रमा यो समस्या कसरी समाधान गर्न सकिन्छ भनेर छलफल गरेको हो । छलफलमा सहभागी अधिकांसले स्थानीय अभिभावक, शिक्षण संस्था, सरोकारवालाहरु सबैको सहयोगबाट शिक्षालयमा आवश्यक पूर्वाधारको निर्माण, प्रचार-प्रसारलाई व्यापक बनाए मात्र विद्यार्थी संख्या बढाउन सकिनेमा जोड दिएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# अहिलेबाटै विपद्को तयारी गरौं

**सामान्यतः जेठ ३० गते अर्थात जुन १३ देखि नेपालमा मनसुन सुरु हुन्छ भन्ने मान्यता रहेको छ । तर जेठकै पहिलो हप्तादेखि नै देशका केही ठाउँहरुमा वर्षा भइरहेको छ । यो वर्षायाम मध्य भदौसम्म रहनेछ । मौसमी चक्रअनुसार वर्षातले किसानलाई खेतीपाती गर्न तथा वातावरणलाई हरियाली बनाउन सहयोग पुग्छ । यो नियमित चक्र मात्र होइन, प्रकृतिको आशीर्वाद पनि हो । खेतीका लागि प्रत्येक थोपा वर्षा अमृत हो । तर अत्यधिक वर्षाले सिर्जना गर्ने विपद् व्यवस्थापनको तयारी नहुँदा यसले ल्याउने जोखिम पनि उत्तिकै हुन्छ । हरेक वर्ष यो अवधिमा बाढी, पहिरो तथा अन्य जलजन्य विपद्का घटना हुने र ठूलो मात्रामा जनधनको क्षति हुने गर्छ ।**

**पहाडमा बाढी र तराईमा डुबानले बर्सेनि ठूलो संख्यामा जनधनको क्षति गर्छ । प्राकृतिक विपत्ति रोक्न नसके पनि सरकारले पूर्वतयारी गरे क्षति कम गर्न सकिन्छ तर, पूर्वतयारीको काम कागज र बोलीमा मात्रै सीमित हुँदा यसबाट ठूलो धनजनको क्षति नेपालीले व्यहोर्न बाध्य छन् । प्राकृतिक विपद्का हिसाबले नेपाल विश्वको अग्र सूचीमा आउँछ । भूकम्पीय जोखिमको हिसाबले नेपाल विश्वको ११ औँ स्थानमा र बाढी पहिरोको जोखिमको हिसाबले ३० औँ स्थानमा पर्छ । यो सन्दर्भमा नेपालले सम्भावित संकट सम्बोधनका लागि गम्भीर हुन आवश्यक छ । त्यसो त, विपद् पूर्वसूचना दिएर आउँदैन । यसका लागि पर्याप्त पूर्वतयारी तथा उत्थानशीलता जरुरी हुन्छ । नेपालले विपद् व्यवस्थापन तथा पूर्वतयारीमा केही राम्रा काम गरेको देखिन्छ । तर अझै पनि मनसुनका कारण हुने मानवीय क्षति कम गर्न सकिएको छैन र यो हरेक वर्ष बढ्दो क्रममा छ । राज्यका तीनै तहका सरकारले यो विषयमा थप सहकार्य गर्न सके क्षति घटाउन सकिन्छ । विपद् जस्तो संवेदनशील विषय सरकारको प्राथमिकतामा पर्नुपर्छ । बर्खाको समयमा कति बेला कहाँ के हुन्छ कसैलाई थाहा हुँदैन । तर विपद् आउनुपूर्व नै विशेष सावधानीका उपायहरु अवलम्बन गर्न सकियो भने केही हदसम्म भए पनि क्षति हुनबाट बचाउन सकिन्छ । तसर्थ त्यसतर्फ सरकार र सम्बन्धित निकायले अहिलेबाटै विपद्को तयारी गर्न ढिलाई गर्नु हुँदैनन् ।**

## Opinion @ Social Network

ईमान्दार मान्छेको कहिले अपमान नगर्नु
जब सुन्दर ऐना फुट्छ नि खतरनाक हतियार बन्छ ।
*(दिपक थापाको फेसबुक स्टाटस https://www.facebook.com/Deepak.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चुनौतीले थिचिएको हाम्रो अर्थतन्त्र कसरी ल्याउने लयमा ?



डा. अंगराज तिमिल्सिना

कोरोनाकालमा राज्यले लागू गरेका कर्जा लगायतका नीतिह अनुत्पादक क्षेत्रमा दिइएको कर्जाह नियमनको अप्रभावकारिताले लघुवित्त, सहकारी आदि क्षेत्रमा देखिएका समस्या घरेलु हुन् । राज्यको स्रोत परिचालनमा आएको समस्या, निर्माण र अन्य क्षेत्रको भुक्तानी रोकिएको अवस्था आदिले अर्थतन्त्रमा ल्याएको शिथिलता पनि घरेलु नै हो । विश्वका धेरै देशले वित्तीय उपयुक्त नीतिको सहारामा कोरोनाको आर्थिक असर कम गर्ने कोसिस गरे । नेपाल मौद्रिक नीतिमा बढी भर पर्‍यो । नेपालको अर्थतन्त्र लयमा ल्याउन विश्वको भू-राजनीति र अर्थ-राजनीति बुझ्न आवश्यक छ । अहिले धेरै अल्पविकसित देशहरू एकातिर समान चुनौती सामना गरिरहेका छन्, अर्कातिर सीमित स्रोतसाधनका लागि प्रतिस्पर्धा गरिरहेका छन् । कमजोर आर्थिक वृद्धिका कारण धेरै देशहरूको वित्तीय स्रोतको दायरा खुम्चिएको छ, सार्वजनिक ऋणको बोझ बढिरहेको छ । उच्च मुद्रास्फीतिले आर्थिक वृद्धिको लक्ष्य साध्न मौद्रिक नीतिको दायरा पनि सीमित बनाएको छ । विश्व अहिले अभूतपूर्व चुनौतीबाट गुज्रिरहेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका अनुसार विश्वले द्वन्द्व, जलवायु अस्तव्यस्तता, आर्थिक अस्थिरता र सामाजिक असमानताको पूर्ण आँधी सामना गरिरहेको छ । रुस-युक्रेन युद्ध, इसराइल-गजा द्वन्द्व, दक्षिण अमेरिका-चीन विवाद, अफ्रिका र मध्यपूर्वमा वर्षौंदेखि चलिरहेको भूराजनीतिक तनाव र द्वन्द्वले विश्वव्यापी रूपमा खाद्य, ऊर्जा, वित्त र प्रविधि आपूर्तिमा अवरोध गरेका छन् । यसबाट देशहरूबीचको सहकार्य अवरूद्ध भएको छ । अर्कोतिर सैन्य खर्च, शरणार्थीको संख्या र मानवीय संकटहरूमा उल्लेख्य वृद्धि भइरहेको छ ।

विश्वभर नै राज्यले शिक्षा, स्वास्थ्य आदि सामाजिक क्षेत्रमा गर्ने खर्च घटेको छ । स्टकहोम पिस-रिसर्च इन्स्टिच्युटका अनुसार सन् २०२४ मा विश्व सैन्यखर्च दुई हजार ७१८ अर्ब डलर (झन्डै ३ ट्रिलियन डलर) पुगेको छ । यो खर्च सन् २०१५ को तुलनामा ३७ प्रतिशतले बढी हो । सन् २०२४ मा मात्र ९.४ प्रतिशतले वृद्धि भएको छ । आर्थिक सहयोग तथा विकास संगठन (ओइसिडी) का अनुसार सन् २०२४ मा दातृ राष्ट्रहरूबाट प्राप्त वैदेशिक सहायता ७.१ प्रतिशतले घटेर सन् २०२३ को तुलनामा २१२ अर्ब डलरमा झरेको छ । सन् २०२५ मा १७ प्रतिशतसम्म घट्ने अनुमान छ । उसै पनि अमेरिकाले नेपालका ३४ वटा परियोजनामा सन् २०२७ सम्मका लागि दिने भनिएको ७० करोड डलर (९५ अर्ब रूपैयाँभन्दा बढी) सहयोग बन्द हुँदा विशेष गरी स्वास्थ्य क्षेत्रमा असर परेको छ । धनी देशहरूको वैदेशिक सहायता कटौतीले नेपालजस्ता देशहरूलाई विकासमा चाहिने वित्तीय स्रोत परिचालन कठिन बन्दै जानेछ । दातृ राष्ट्रहरूले सहायता कटौती गरेका कारण दिगो विकासका लागि चाहिने वित्तीय स्रोतको कमी सन् २०३० सम्ममा ६.४ ट्रिलियन अमेरिकी डलर पुग्ने अनुमान छ ।

नेपालजस्ता देशहरूले दाताबाट सीमित रूपमा पाएको स्रोतको प्रभावकारिता बढाउन अत्यावश्यक छ। घरेलु स्रोत परिचालनको गुणस्तर बढाउनु र निजी क्षेत्र राम्ररी परिचालन गर्नुको विकल्प छैन । सम्पत्ति शुद्धीकरण र आतंकवादमा जाने बित्तको निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था 'एफएटिएफ' को 'ग्रे लिस्ट' मा परेका राष्ट्रलाई स्रोत परिचालन गर्न झन् कठिन हुने देखिन्छ ।
अर्कोतिर दाताहरूका तर्फबाट अनुदानको सट्टा ऋणमार्फत सहायता दिने प्रवृत्ति बढ्दो छ । सन् २०२१ र सन् २०२२ बीचमा विकासशील देशहरूलाई दिने अनुदान ८ प्रतिशतले घट्यो । यही अवधिमा ऋण ११ प्रतिशतले बढ्यो । ऋणको भार थुप्रिँदै जाँदा अल्पविकसित देशहरूमाथि ऋण संकटको जोखिम बढ्छ । परिणाम स्वरूप स्वास्थ्य, शिक्षा र विकासका महत्त्वपूर्ण पूर्वाधारमा भन्दा बढी रकम ऋण सेवामा छुट्याउनुपर्ने हुन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भएको अमेरिका-चीन र अन्य थुप्रै देशहरूसँग कर-युद्धले अमेरिका र चीनभन्दा धेरै टाढासम्म प्रभाव पारेको छ । यसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विकासशील देशहरूको आर्थिक वृद्धिमा असर गरेको छ । असर यतिले मात्र सकिँदैन । विश्वव्यापी व्यापार प्रवाहमा अवरोध भएको छ । बजारको अनिश्चितता बढेको छ । वस्तु निर्यात र आयात गर्ने दुवै थरीका देशहरूमा मागको ढाँचामा परिवर्तन हुँदै गएको छ । अझ महत्त्वपूर्ण कुरा, व्यापार युद्धले विश्वव्यापी वित्तीय अनिश्चितता बढाएको छ । परिणाम स्वरूप विनिमय दर, लगानी प्रवाह र वस्तुको मूल्यमा असर परेको छ । यी क्षेत्रहरूमा विकासशील देशहरू पहिल्यैदेखि नै कमजोर र असुरक्षित छन्। लगानीकर्ताहरूले अमेरिकी 'ट्रेजरी बन्ड' जस्ता सुरक्षित लगानीका स्रोतहरू खोज्दा उदीयमान बजारहरूबाट पुँजी पलायनको जोखिम त छँदैछ, स्वदेशी मुद्राको अवमूल्यनले आयात महँगो र बाह्य ऋणसेवा पनि कठिन बनाउँदै लगेको छ। बढ्दो व्यापार तनाव मुख्य कारकका रूपमा उल्लेख गर्दै अन्तर्राष्ट्रिय मुद्रा कोष ( आइएमएफ) ले विश्वको आर्थिक वृद्धि सन् २०२५ मा २.८ प्रतिशत र सन् २०२६ मा ३ प्रतिशत हुने प्रक्षेपण गरेको छ । कुनै प्रभावकारी कदम चालिएन भने अनियन्त्रित जलवायु परिवर्तनले सन् २०५० सम्ममा विश्वव्यापी कुल उत्पादन १८ प्रतिशतसम्म घटाउने छ । धनी र गरिब देशबीचको असमानता अझै गहिरिनेछ । जलवायु प्रभावित ऋण र सम्पत्तिमा जोखिमका कारण वित्तीय प्रणालीको जोखिम उच्च दरमा बढ्नेछ । जलवायु परिवर्तन र चरम मौसमी घटनाहरूले पहिले नै नेपालको कुल गार्हस्थ्य उत्पादनको १.५ प्रतिशतदेखि २ प्रतिशत बराबर वार्षिक आर्थिक क्षति निम्त्याएका छन् । सन् २०५० को दशकसम्म नेपालमा जलवायु परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभावले वार्षिक कुल गार्हस्थ्य उत्पादनमा २ देखि ३ प्रतिशतसम्म घाटा निम्त्याउन सक्ने प्रक्षेपण छ । ऐतिहासिक सन्दर्भ हेर्दा निःसन्देह दक्षिण एसियाली देशहरूको आर्थिक विकासमा भारत-पाकिस्तान द्वन्द्वले अन्तरक्षेत्रीय व्यापार, आर्थिक एकीकरण, प्रत्यक्ष विदेशी लगानी र पुँजी प्रवाहमा अवरोध गरिरहेको छ । दक्षिणपूर्वी एसियाली देशहरूको २५ प्रतिशतको तुलनामा दक्षिण एसियाली देशहरूको व्यापार कुल व्यापारको ५ प्रतिशतभन्दा कममा अड्किएको छ। क्षेत्रीय व्यापारमार्फत वस्तुको मूल्य शृंखलामा वृद्धि, साझा पूर्वाधार निर्माण, क्षेत्रीय निर्यातको प्रतिस्पर्धात्मकता र विविधीकरणमा भारत-पाकिस्तान द्वन्द्वले असर पारेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ मा दक्षिण एसियाको आर्थिक वृद्धिदर ५.७ प्रतिशत हुने अनुमान छ। नेपालको आर्थिक वृद्धिदर केवल ४ प्रतिशत हुने अनुमान छ, जो नेपालको ६० वर्षको औसत वृद्धिदर हो । यस्तो न्यून आर्थिक वृद्धिदरको पासोबाट उम्किन अब ल्याइने वार्षिक बजेट कार्यान्वयनको तौरतरिकामा आमूल परिवर्तन आवश्यक छ । सन् १९८० दशकको सुरूआतमा न्युजिल्यान्डले आफ्नो सार्वजनिक क्षेत्र र बजेट प्रणालीमा मौलिक परिमार्जन गर्‍यो। परम्परागत रूपले चारैतिर कनिका छरेजसरी बजेट छर्ने ढाँचाबाट परिणामको ढाँचामा गयो । यो ढाँचा हाल नयाँ सार्वजनिक व्यवस्थापनमा वित्त सुधारको मोडल मानिन्छ । यो मोडलका मुख्य तीनवटा विशेषता छन् – उत्पादनमा आधारित बजेट, स्पष्ट जबाफदेयिता (मन्त्रीले नीतिगत लक्ष्य तय गर्ने र विभागीय प्रमुखहरूलाई परिणाम दिन व्यक्तिगत रूपमा जबाफदेयी बनाउने) र पारदर्शी वित्तीय रिपोर्टिङ ( सरकारी दायित्वमा पर्ने सबै खर्चको लेखाजोखा बजेट बनाउँदा नै समेट्ने) । नेपालको अर्थतन्त्रका विगत दुई-तीन दशकमा झाँगिँदै गएका दुई मुख्य संरचनात्मक कमजोरी हुन् – कम उत्पादकत्व र औद्योगिक क्षेत्रको खस्किँदो अवस्था । यो कमजोरीका कारण गैरकृषि क्षेत्रमा रोजगारी सिर्जना सुस्त भएको छ । उत्पादन क्षेत्र निरन्तर गिरावटमा छ । प्रचुर सम्भावना रहेको पर्यटन क्षेत्रको पूर्वाधार अविकसित छ । नेपाली अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलनमा राख्न (जस्तो- आयातका लागि चाहिने विदेशी मुद्रा जोहो गर्न) रेमिटेन्स एउटा शक्ति हो तर यो शक्ति बाह्य जोखिमहरूको एक हिस्सा पनि हो । रेमिटेन्समा अधिक निर्भरताले 'डज डिजिज' बढ्ने खतरा हुन्छ। अर्थशास्त्रमा 'डज डिजिज' भनेको उत्पादन र निर्यातमा बढावा नदिँदा देशको अर्थतन्त्र आयातमुखी बन्ने खतरा हो । नेपालले वित्तीय बजारमा खराब ऋण र कमजोर नियमनकारी अवस्थाको जोखिम पनि भोगिरहेको छ । वित्तीय क्षेत्रको सम्पत्तिको गुणस्तरमा थप गिरावटले निजी क्षेत्रको ऋण प्रवाह, लगानी र उपभोगमा असर पार्ने देखिन्छ । एफएटिएफको ग्रे सूचीमा नेपालको निरन्तरताले अन्तर्राष्ट्रिय वित्तीय लेनदेन र लगानीकर्ताको विश्वासमा ठूलो असर पार्नेछ । नेपालमा न्यून पुँजीगत खर्च र परियोजनाको निर्माणमा अत्यधिक ढिलाइ हुने पुरानो रोग त छँदैछ, राजस्व परिचालन र विनियोजनको दायरा पनि सीमित छ । यस्तो सीमितताले आर्थिक व्यवस्थापन र विकास योजनामा गम्भीर असर पुर्‍याएको छ । नेपाललाई तत्काल ऋणको संकट छैन तर हालैका वर्षहरूमा सार्वजनिक ऋण उल्लेखनीय रूपमा बढेको छ । सन् २०२५ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय ऋणको अनुपात ४९ प्रतिशतभन्दा माथि पुग्ने अनुमान छ । चालु आर्थिक वर्षमा बजेटको २२ प्रतिशतभन्दा बढी रकम ऋणको साँवाब्याज तिर्न छुट्याइएको छ । यस्तो व्ययले सरकारी राजस्वको बढ्दो हिस्सा खपत गर्छ, नयाँ विकास परियोजनाका लागि स्रोत सीमित हुन्छ । बढ्दो ऋण दायित्वले आपतकालीन राहतको सरकारी क्षमता (क्राइसिस रेस्पोन्स) पनि कमजोर बनाउँछ । चालु आर्थिक वर्षको बजेटमा ६५ प्रतिशतभन्दा बढी रकम साधारण खर्चका लागि छुट्याइएको थियो । नेपालको राजस्वको धेरै भाग सार्वजनिक क्षेत्रको तलब, पेन्सन र सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू (वृद्ध भत्ता, गरिबी राहत, स्वास्थ्य अनुदान आदि) मा जाने गरेको छ । यसले पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवामा पुँजी लगानी सीमित बनाएको छ । प्रदेश र स्थानीय तहलाई संघले हस्तान्तरण गर्ने स्रोत पनि दुई धारको तरबार जस्तो बन्ने पक्का छ । संघको स्रोत खुम्चिँदा प्रदेश र स्थानीय तहले कम पैसा पाउँछन् । यसो भएपछि यी दुई तहले विकासमा प्रभावकारिता देखाउन सक्दैनन् । परिणाम स्वरूप संघीयताको सान्दर्भिकतामाथि नै प्रश्न उठ्छ । नेपालको पुँजीगत (विकास) बजेट विदेशी ऋण र अनुदानमा निर्भर छ । यसले गर्दा दाताका प्राथमिकता राष्ट्रिय विकास लक्ष्यसँग मिलाउनुपर्ने चुनौती छ । नेपालको वित्तीय नियमन अहिले पनि सूचीमा चिन्न लगाउने तरिकामा आधारित छ । राष्ट्र बैंकले जोखिममा आधारित पर्यवेक्षणको क्षमता सुदृढ गर्नु आवश्यक छ । विशेष गरी एफएटिएफले कमजोर नियमनका रूपमा पहिचान गरेका घरजग्गा वित्त, सीमापार रेमिटेन्स र असामान्य ढाँचाका कारोबार (द्रुत निक्षेप, व्यापार सम्बन्धी विसंगति वा राउन्ड-ट्रिप लेनदेन) मा बैंकहरूलाई स्वचालित लेनदेन-निगरानी प्रणाली तैनाथ गर्न प्रोत्साहित गर्नुपर्छ । यसबाट संस्थागत विश्लेषणका लागि समयमै सूचना उपलब्ध हुन्छ । त्यसरी नै, जोखिम पहिचान गरी वित्तीय पारदर्शिता र सदाचार बढाउन विदेशी वित्तीय नियामकहरू, देशभित्रका अन्य निकायहरू र निजी क्षेत्रसँगको सहकार्य संस्थागत गर्नु आवश्यक छ । वित्तीय क्षेत्रका जोखिम पहिचान र सार्वजनिक गर्ने तथा जोखिम घटाउने उपाय कार्यान्वयनको अवस्था समीक्षा गर्ने प्रणाली पनि संस्थागत बनाउनुपर्छ ।

***-सेतोपाटी डटकम***


## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ निर्णयहरू लिन सक्नुहुनेछ। किनबेचबाट विशेष लाभ आर्जन होला। | **तुला** : सम्बन्ध स्थापित गर्ने समय रहेको छ। करियरमा अगाडि बढ्ने मौका मिल्नेछ। |
| **वृष** : नयाँ स्रोतहरू फेला पर्नेछन्। व्यापार विस्तारलाई लिएर योजनाहरू बन्नेछन्। | **वृश्चिक** : दिन लाभदायी रहनेछ । पारिवारिक सम्बन्धमा मजबुती आउनेछ। |
| **मिथुन** : आइरहेका बाधाहरू पन्सिनेछन्। रोजगारका नयाँ अवसरहरू मिल्नेछन्। | **धनु** : परिवारबाट राम्रो सहयोग मिल्नेछ। बिग्रेको कार्य सुधार गर्ने अवसर मिल्नेछ। |
| **कर्कट** : व्यवसायमा सफलता मिल्नेछ। घुमघामका नयाँ अवसरहरु मिल्नेछन्। | **मकर** : नयाँ कार्यप्रति उत्साह जाग्नेछ। अधिकारी वर्गहरूबाट प्रशंसा पाइएला। |
| **सिंह** : नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **कुम्भ** : सन्तान पक्षबाट सहयोग मिल्नेछ। समाजमा मानसम्मान बढ्नेछ। |
| **कन्या** : अगाडि बढ्नुहोस् सफलता मिल्नेछ। विश्वासपात्र व्यक्तिहरूबाट सहयोग मिल्नेछ। | **मीन** : रोजगारमा सफलता मिल्नेछ। चिताएका कार्य पूरा गर्न संघर्ष गर्नुपर्ला। |

कला मनोरञ्जन

# ‘राम नाम सत्य’ मा दिब्या

चलचित्र ‘राम नाम सत्य’मा दिब्या रायमाझी अनुबन्धित हनुहुनुभएको छ । माइकल चन्दको निर्देशनमा बन्न लागेको यो चलचित्रमा रायमाझी अनुबन्धित हुनुभएको हो । निर्मातासँग उहाँको औपचारिक सम्झौता भएको छ । ‘एक्टर : टेक वन’बाट रजतपटमा डेब्यु गर्नुभएकी दिब्याको पछिल्लो रिलिज फिल्म ‘पिताम्बर’ हो । ‘राम नाम सत्य’मा यसअघि अभिनेता सुशील श्रेष्ठ र विराज भट्ट अनुबन्धित हुनुभएको छ । छायांकन साउनदेखि सुरु गर्ने तयारी छ । माइकल इन्टरटेनमेन्ट हाउसको प्रस्तुतिमा तयार हुन लागेको यो चलचित्रमा चन्दकै पटकथा छ । उपेद्र शाही, श्वेता विमली र उत्तम गुरुङ चलचित्रका निर्माता हुनुहुन्छ । डा.डीआर उपाध्याय र नरेन्द्र शाह कार्यकारी निर्माताको रुपमा हुनुहुन्छ । अर्जुन पोखरेल र बाबुल गिरीको संगीत रहने यो चलचित्रमा सुशन प्रजापतिको छायांकन हुनेछ । केही कलाकार फाइनल गरेर वर्कसप थाल्ने तयारी रहेको निर्देशक चन्दले जानकारी गराउनुभयो ।निर्देशक दिनेश राउतले अन्य विभिन्न देशहरूबाट पनि चलचित्र प्रदर्शनका लागि प्रस्ताव आइरहेको जानकारी दिएका छन् । ‘चलचित्रमा दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, वसुन्धरा भुसाल र मोहन निरौला जस्ता लोकप्रिय कलाकारहरूको सशक्त अभिनय रहेको छ । चलचित्रलाई एक्सन, पारिवारिक, प्रेम र सस्पेन्स कथामा निर्माण गर्न लागिएको छ । *-इहिमालय टाइम्स डटकम*

# चलचित्र ‘जनै हराएको बाहुन’ भदौ ६ गते प्रदर्शन हुने

चलचित्र ‘जनै हराएको बाहुन’ आगामी भदौ ६ गतेदेखि प्रदर्शनमा आउने भएको छ । निर्माण पक्षले सोमबार चलचित्रको कथा पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति जानकारी गराएको हो । पोस्टरमा एक जना व्यक्ति अस्ताउँदो सूर्यको दृश्य अगाडि उभिएका देखाइएको छ । सूर्यभन्दा माथि हवाइजहाज उडिरहेको छ । व्यक्तिको छेउमा छायाँमा ठुलो घरजस्तो देखिन्छ । आमाको खोसिएको खुसी फर्काउन सम्पत्ति कमाउन घरबाट सहर पस्ने छोरोको कथामा बनेको चलचित्र हिमाल न्यौपानेले निर्देशन गरेका हुन् । न्यौपानेको यो डेव्यु निर्देशन हो । ललितपुर, भक्तपुर र काभ्रेमा छायाङ्कन भएको चलचित्रको मूख्य भूमिकामा विजय बराल छन् । चलचित्रमा अभिनेत्री केकी अधिकारी, मिरुना, मगर गौरव पहाडी, सुशांक मैनाली, भोलाराज सापकोटा, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापालगायतको पनि अभिनय छ । पेपरक्लिप प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेको फिल्ममा थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रशान्त सिवाकोटीको संगीत छ ।

*-रातोपाटी डटकम*


## रम्भा गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

वीर बहादुर पुन — प्रमुख प्रशासकीय अधिकृत
राधाकुमारी श्रेष्ठ — उपाध्यक्ष
विष्णु प्रसाद भण्डारी — अध्यक्ष

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## सत्यवती गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

कमल प्रसाद भुसाल — प्रमुख प्रशासकीय अधिकृत
निर माया तरामु — उपाध्यक्ष
टिकाराम पाण्डे — अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## तिनाउ गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

दिनेश सारु — प्रमुख प्रशासकीय अधिकृत
लाल बहादुर थापा — उपाध्यक्ष
प्रेम श्रेष्ठ — अध्यक्ष

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## बगनासकाली गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं

खेमराज छिनाल — प्रमुख प्रशासकीय अधिकृत
हरि प्रसाद पाठक — उपाध्यक्ष
सरस्वती दर्लामी चिदी — अध्यक्ष

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# तानसेनमा तेस्रो न्यू युथ युनियन कप फुटबल प्रतियोगिता सुरु





**भरत शर्मा**

**पाल्पा,** जेठ ६/जिल्लाको तानसेनस्थित टुँडिखेल मैदानमा तेस्रो न्यू युथ युनियन कप फुटबल प्रतियोगिता सुरु भएको छ । न्यू युथ युनियन क्लब तानसेनको आयोजनामा मंगलबारदेखि प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले एक औपचारिक कार्यक्रमकाबिच उद्घाटन गरेका हुन् । प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख श्रेष्ठले तानसेनको खेल क्षेत्रको विकासमा युथ युनियन क्लवले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले विगतको तानसेनको खेल क्षेत्रको इतिहासलाई कायम गर्ने दिशामा क्लवले प्रतियोगीता आयोजना गरेर प्रशसंनिय कार्य गरेको उल्लेख गरे । नगर प्रमुख श्रेष्ठले नगरको खेल क्षेत्रको विकासमा नगरपालिकाले प्राथमिकताका साथ काम गरेको बताए । उनले खेलकूदका गतिविधिहरु बढाई युवाहरुलाई खेल क्षेत्रमा आकर्षित गर्न क्लवलाई आग्रह समेत गरे । उनले क्लवलाई आवश्यक सहयोग नगर सरकारबाट हुने समेत विश्वास दिलाए । प्रतियोगिताको पहिलो दिन सराइ युथ क्लब सराइ र युनाइटेड युथ क्लव टिन्ती आँप दमकडाबिच भएको थियो । जसमा टिन्ती आँप दमकडा विजयी भएको छ । सराइ युथ क्लबलाई ०-१ का विरुद्ध हराउदै दकमडा विजयी भएको हो । प्रतियोगिता जेठ १७ गतेसम्म सञ्चालन हुने जिल्ला फुटबल संघका उपाध्यक्ष प्रज्ज्वल उदयले बताए । प्रतियोगितामा पाल्पा र रुपन्देहीका १२ टिमको सहभागीता रहेको छ । आज हुने खेलमा दमकडा ब्रदर्स र पाल्पा फुटबल एकाडेमीबिच हुने छ । प्रतियोगितामा प्रथम हुनेलाई एक लाख ११ हजार १ सय ११, दोस्रो हुनेलाई ५५ हजार ५ सय ५५ नगद, शिल्ड, मेडल प्रदान गरिने युथ युनियन क्लबका अध्यक्ष ताम बहादुर कुमालले बताए ।

## मदनपोखरा बहुप्राविधिक...

...कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंक खनालले अहिलेको युग भनेको प्राविधिक र व्यवासायिक भएकाले प्राविधिक शिक्षालयमै विद्यार्थी नहुनु विडम्वना भएको बताए । उनले गाउँ घरमै आएको प्राविधिक शिक्षालयको भरपुर उपयोग गर्न नसक्दा अहिलेको अवस्था सिर्जना भएको भन्दै त्यसतर्फ स्थानीय र सरोकारवालाले नै चासो देखाउनुपर्नेमा जोड दिए । प्रमुख खनालले भने "प्राविधिक शिक्षाले दक्ष जनशक्ति उत्पादन गर्न सकिने, विदेश जाने युवाले त्यहाँ गएर राम्रो अवसर पाउने र स्वदेशमै केही गर्छु भन्नेहरुका लागि यो महत्वपुर्ण अवसर हो, यो अवसर हामीले गुमाउनु हुँदैन । अब सबै मिलेर विद्यार्थी वृद्धि गर्ने दिशामा सोंचौं ।" उनले शिक्षालयमा राम्रो पढाई हुन्छ भन्ने बाहिरका जिल्लामा जानकारी दिन सके बाहिरबाट पाल्पा पढ्न आउँने विद्यार्थीको संख्या बढ्ने समेत बताए । तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले प्राविधिक शिक्षालाई समयानुकुल र स्वरोजगार सिर्जना गर्न सकिने खालको जनशिक्त उत्पादनमा ध्यान दिन जरुरी रहेको बताए । सिटिइभिटी लुम्बिनी प्रदेश प्रमुख.यादव सुवेदीले, सिटिइभिटीको सोंच नै दक्ष र प्राविधिक जनशक्ती उत्पादन गर्ने रहे पनि विद्यार्थीहरुको संख्या कम हुँदै जाँदा समस्या भएको उल्लेख गरे । छलफलमा तानसेन-९ का वडाअध्यक्ष राजेशकुमार अर्याल, ७ का वडाअध्यक्ष प्रदीप खनाल लगायतले तानसेनलाई शिक्षा, स्वास्थ्य र प्रविधिमैत्री अध्ययनको गन्तव्य बनाउनका लागि बहुप्राविधिक शिक्षालयको स्थापनाले मात्रै नपुग्ने भन्दै त्यसलाई आवश्यक पुर्वाधारको व्यवस्थापन जरुरी रहेको बताए । आधुनिक भवन र आवश्यक भौतिक सुविधा भए पनि विद्यार्थीको अभाव खेप्नुपर्ने अवस्थाको अन्त्य र यसका चुनौतिको समाधान गर्ने सोंचका साथ सरोकारवाल, जनप्रतिनिधी,सरकारी निकायका प्रतिनिधिहरुको सहभागितामा आगामी सत्रमा विद्यार्थी संख्या बढाउन के कस्ता राणनीति तय गर्ने भन्ने विषयमा गम्भीर छलफल भएको शिक्षालय प्रमुख प्रदीप राज पाण्डेले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीको सभापतित्वमा छलफल कार्यक्रम भएको थियो । यहाँ कृषि बाली विज्ञान, कृषि पशु विज्ञान र सुचना प्रविधिका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

## राष्ट्र बैंकको गभर्नरमा...

...गभर्नर नियुक्तिको विषयमा दुई महिनादेखि सत्तारुढ दल कांग्रेस र एमालेका निम्ति पेचिलो विषय बनेको थियो । कतिसम्म भने किचलो बढ्दै जाँदा चैत ११ गते गभर्नर सिफारिस समिति गठन भएपछि यसका दुई सदस्यले फरक-फरक समितिमा राजीनामा दिएका थिए । वैशाख ९ मा समिति सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईद्वारा राजीनामा दिएका थिए । आफूलाई गभर्नर बन्न प्रस्ताव आएपछि वैशाख २८ मा विश्व पौडेलले समिति सदस्यबाट राजीनामा दिएका थिए । वैशाख ३१ मा अर्थमन्त्री पौडेलले सिफारिस समिति नै पुनर्गठन गठन गरेर समिति सदस्यमा पोषराज पाण्डे नियुक्त गरेका थिए । गभर्नरमा नियुक्त पौडेलले अमेरिकाबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका छन् । उनी राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका थिए । काठमाडौं विश्वविद्यालयका अध्यापकसमेत रहेका उनीसँग अन्तर्राष्ट्रिय श्रम संगठन ( आईएलओ)को आर्थिक सल्लाहकारका रूपमा काम गरेको अनुभव पनि छ ।

खेलकुद समाचार

## नेपाल थाइल्यान्डसँग ७८ रनले पराजित



**काठमाडौ,** जेठ ६/आइसिसी महिला ट्वान्टी-२० विश्वकप एसिया छनोटअन्तर्गत सुपर-३ को अन्तिम खेलमा नेपाल थाइल्यान्डसँग ७८ रनले पराजित भएको छ । थाइल्यान्डको टेर्डथाइ क्रिकेट मैदानमा मंगलबार भएको खेलमा थाइल्यान्डले नेपाललाई जितको लागि १५९ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपाल निरधारित २० ओभर ९ विकेट गुमाउँदै ८० रनमा समेटियो । नेपालका लागि कवितार कुँवरले सर्वाधिक २४ रन योगदान दिइन् । त्यस्तै रजाजमति ऐरीले अविजित २० तथा रूविना क्षेत्रीले १२ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । थाइल्यान्डका लागि ओन्निचा कामचोम्फुले सर्वाधिक चार विकेट लिइन् । यसैगरी थिपाचा पुथावोङले तीन र सुलेपोर्न लाओमीले समान एक एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको थाइल्यान्डले निर्धारित २० ओभरमा दुई विकेट गुमाउँदै १५८ रन बनाएको थियो । थाइल्यान्डका लागि नन्नापत कोन्चारोएनकाई २८ बलमा आठ चौकाको मद्दतले अविजित ५० रनको योगदान गरिन् । त्यसैगरी नटाया बुचथमले ४२ बलमा पाँच चौकासहित ५० रन बनाइन् । अपिसरा सुवान्चोराथीले २९ तथा नथ्थकन चन्थमले अविजित १५ बनाइन् । नेपालका लागि राजमति ऐरी र मनिषा उपाध्यायले समान एक विकेट लिए । नेपाल र थाइल्यान्ड यसअघि नै विश्वकपको ग्लोबल छनोटमा पुगिसकेका थिए । पहिलो खेलमा दुवैले युएईलाई हराउँदै विश्वकपको ग्लोबल छनोटमा पुगेका हुन् ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक ४९ अङ्कले बढ्यो



**पाल्पा,** जेठ ६/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४९ दशमलव ०९ अंकले बढेको छ । मंगलबार नेप्से बढेसँगै दुई हजार छ सय ७७ दशमलव ४५ को विन्दुमा कायम भएको हो ।

यो एक दशमलव ८६ प्रतिशतको वृद्धि हो । सो अवधिमा तीन सय १० कम्पनीको एक करोड ६८ लाख ८८ हजार चार सय ५९ कित्ता शेयर ७३ हजार ५४ पटक खरिदबिक्री हुँदा सात अर्ब ३१ करोड २७ लाख ९० हजार एक सय ९६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव ४२ प्रतिशतले बढेको छ । बैंकिङ एक दशमलव ९१, विकास बैङ्क दुई दशमलव ९५, वित्त दुई दशमलव ४४, जलविद्युत् दुई दशमलव ४५ र लगानी समूह दुई दशमलव ३३ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा एक दशमलव ३२, उत्पादन तथा प्रशोधन एक दशमलव ८९, लघुवित्त एक दशमलव १३, म्युचुअल फन्ड शून्य दशमलव ३३, निर्जीवन बीमा एक दशमलव ७४, व्यापार एक दशमलव ४९ र अन्य समूह शून्य दशमलव ८४ प्रतिशतले बढेको छ । सिन्धु विकास बैङ्क लिमिटेड र सप्तकोशी डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य तीन दशमलव ०९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै राधी विद्युत् कम्पनी लिमिटेडको ४१ करोड ८० लाख बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु सेलेक्ट फन्डको १४ लाख ७२ हजार तीन सय कित्ता खरिदबिक्री भएको छ ।

## शिक्षक आवश्यकता

*मिति : २०८२/०२/६*

**प्रस्तुत सम्बन्धमा यस भुसलडांडा माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०२/०५ गतेको बैठकको निर्णय र तानसेन नगरपालिकाको च.नं. २४८६ मिति २०८२/०२/०६ गतेको अनुमती बमोजिम यस विद्यालयका लागि आवश्यक लेखा सहायक कर्मचारीको पदमा विज्ञापन गरिएको छ। उक्त रिक्त करार पदमा इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ। लेखा सहायक कर्मचारी पदमा करारमा नियुक्तिका लागि देहाय बमोजिमका विवरण अनुसार तोकिएको म्याद भित्र दरखास्त आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपशिल**

**१) विज्ञापन नं.** : ०३/२०८१/०८२, **पद** : लेखा सहायक, **संख्या** : १ (एक)

**शैक्षिक योग्यता** : व्यवस्थापन विषयमा कक्षा १२ उत्तिर्ण भई कम्प्युटर विषयमा कम्तिमा ६ महिना मान्यता प्राप्त संस्थाबाट तालिम प्राप्त । वर्ड, एक्सल, पावर पोइन्ट, स्कुल सफ्टवेयर तथा विद्यालय ई-लेखा IEMIS सञ्चालन गर्न सक्ने ।

**नागरिक** : नेपाली, **उमेर** : ४० वर्ष ननाघेको

**निवेदन दस्तुर** : रु. ५००/- (पाचँ सय रुपैया मात्र)

**दरखास्त दिने अन्तिम मिति** : २०८२/०२/१४ गते

**सम्पर्क मिति** : २०८२/०२/१६

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता

**फोन नं.** : ०७५-५२२७८४(कार्यालय),९८४७०२८५४८(प्र.अ.)९८५७०६०९८५ ९८४७०४३३१९(अध्यक्ष)

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**

तानसेन-१, भुसलडाँडा, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई